# ज्येष्ठ नागरिक मिलन केन्द्रलाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९

प्रस्तावनाः ज्येष्ठ नागरिक मिलन केन्द्रलाई अनुदान उपलब्ध गराउने प्रक्रियालाई सरल, सहज र पारदर्शी बनाउन वाञ्छनीय भएकोले,

विनियोजन ऐन, २०७९ को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "ज्येष्ठ नागरिक मिलन केन्द्रलाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "मिलन केन्द्र" भन्नाले ज्येष्ठ नागरिकलाई शुल्क लिई वा नलिई दिउँसोको समयमा हेरचाह गर्नको लागि स्थापना तथा सञ्चालन भएको घर, आश्रम वा यस्तै प्रकृतिका अन्य संरचना सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले नेपाल सरकारको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ।

(ग) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

३. उद्देश्यः देहाय बमोजिमको उद्देश्यको लागि मन्त्रालयबाट मिलन केन्द्रलाई अनुदान रकम उपलब्ध गराइनेछः-

(क) ज्येष्ठ नागरिक बीच भेटघाट हुने अवसर जुटाई निजमा रहेका ज्ञान, सीप, अनुभव आदान प्रदान गर्दै सो ज्ञान सीपलाई युवापुस्तामा हस्तान्तरण गर्ने वातावरण सिर्जना गर्नु,

(ख) ज्येष्ठ नागरिकमा हुन सक्ने नैराश्यता तथा एक्लोपनको महसुसलाई कम गरी जीवन सहज र रमाईलो बनाउनु,

(ग) ज्येष्ठ नागरिकको सम्मान हुने गरी कार्यक्रम सञ्चालन गर्नु,

(घ) ज्येष्ठ नागरिकले आफूसँग भएको सीपको उपयोग गरी कुनै सामानको उत्पादन/निर्माण/बिक्री वितरण गर्न चाहेमा सोको लागि उत्पादन/निर्माण, बिक्री वितरणको व्यवस्था मिलाउनु,

(ङ) ज्येष्ठ नागरिकद्वारा उत्पादित सामाग्री/प्रकाशित पुस्तक आदिको बिक्री वितरणको लागि बिक्री कक्ष उपलब्ध गराई सहजीकरण गर्नु ।

४. मिलन केन्द्र निर्माण तथा सञ्चालन सम्बन्धी मापदण्डः देहाय बमोजिम मिलन केन्द्र निर्माण तथा सञ्चालन सम्बन्धी मापदण्ड हुनेछः-

(क) प्रचलित कानून बमोजिम दर्ता भई सम्पूर्ण भौतिक संरचना ज्येष्ठ नागरिकमैत्री भएको,

(ख) कम्तीमा तीन महिनाको एक पटक धार्मिक स्थल, पार्क जस्ता सार्वजनिक स्थलमा लैजाने तथा मनोरञ्जनात्मक क्रियाकलापमा सहभागी गराउने व्यवस्था भएको,

(ग) मिलन केन्द्रका भवन तथा कोठा आवश्यकता अनुसार रङ्गरोगन र मर्मतसम्भार गरी सफा र स्वच्छ भएको,

(घ) कम्तीमा महिनाको एक पटक सरकारी अस्पतालको चिकित्सकबाट स्वास्थ्य परीक्षण गराउने व्यवस्था भएको,

(ङ) मिलन केन्द्र सुरक्षित र मर्यादित भएको,

(च) मिलन केन्द्रमा विजुली, पानी, टेलिफोन, भान्सा घर, शौचालयको सुविधा भएको,

(छ) प्राकृतिक मनोरम तथा खुला स्थल भएको,

(ज) प्राकृतिक विपदबाट सुरक्षित भएको,

(झ) ज्येष्ठ नागरिकको रुची र चाहना अनुसार सामाजिक, सांस्कृतिक, भौगोलिक धार्मिक तथा साहित्यिक पुस्तक, गीत, कविता, कथा, भजन सम्बन्धी पुस्तक तथा वाद्यवादनका सामाग्री (मादल, हारमोनियम, खैंजडी, तवला लगायत) को व्यवस्था भएको,

(ञ) बस्ने व्यवस्थाका लागि चकटी, कुर्सी, कार्पेट लगायतको व्यवस्था भएको,

(ट) दिउँसोको समयमा खाजा र स्वच्छ पिउने खानेपानीको व्यवस्था भएको,

(ठ) मनोरञ्जनका लागि टेलिभिजन, मौसम अनुसार हिटर र पंखाको व्यवस्था भएको,

(ड) ज्येष्ठ नागरिकको आकस्मिक स्वास्थ्योपचारका लागि आवश्यक औषधीको व्यवस्था भएको,

(ढ) ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप र अनुभवलाई पुस्ता हस्तान्तरण गर्ने जस्ता विषयहरुमा प्रवचन/अन्तर्क्रियात्मक कार्यक्रमहरु सञ्चालन गर्ने र सोको अभिलेख राख्ने व्यवस्था भएको,

(ण) ज्येष्ठ नागरिकका लागि उपयुक्त खेल सामाग्री र खेलकूद स्थलको व्यवस्था भएको,

(त) योग, ध्यान, प्रार्थना जस्ता क्रियाकलाप गर्ने स्थानको व्यवस्था भएको ।

५. सूचना प्रकाशन गर्नेः (१) मन्त्रालयको विनियोजित बजेटवाट अनुदान उपलब्ध गराउने प्रयोजनको लागि मन्त्रालयले राष्ट्रियस्तरको दैनिक पत्रिकामा एक्काइस दिनको म्याद दिई सूचना प्रकाशन गर्नेछ र सो सूचना मन्त्रालयको वेवसाइटमा समेत राख्नु पर्नेछ।

(२) ज्येष्ठ नागरिकको संरक्षणको क्षेत्रमा कम्तीमा दुई वर्षको कार्य अनुभव भएको इच्छुक मिलन केन्द्रले अनुदान प्राप्त गर्न उपदफा (१) बमोजिमको म्यादभित्र देहाय बमोजिमको कागजात संलग्न गरी मन्त्रालयमा प्रस्ताव पेश गर्नु पर्नेछः-

(क) सम्बन्धित स्थानीय तहको सिफारिस,

(ख) मिलन केन्द्र निर्माण तथा सञ्चालनका लागि प्रचलित कानून बमोजिम जग्गा प्राप्ति/भोगाधिकार प्राप्त भएको प्रमाण खुल्ने कागजात,

(ग) मिलन केन्द्र दर्ता प्रमाणपत्र तथा संस्थाको विधान,

(घ) सञ्चालनमा रहेका मिलन केन्द्रको हकमा नवीकरण प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र र पछिल्लो बर्षको लेखापरीक्षण प्रतिवेदन,

(ङ) मिलन केन्द्र निर्माण तथा सञ्चालनको बार्षिक लागत अनुमान,

(च) मिलन केन्द्र निर्माण तथा सञ्चालनको निरन्तरताका लागि संघ संस्था तथा समुदायको प्रतिवद्धता भए सोको विवरण,

(छ) मिलन केन्द्र निर्माण तथा सञ्चालनका लागि दीर्घकालीन स्रोत व्यवस्थापनको विवरण,

(ज) मिलन केन्द्र निर्माण तथा सञ्चालन सम्वन्धमा सञ्चालक समिति/कार्य समितिबाट भएको निर्णयको प्रतिलिपि।

(३) उपदफा (१) बमोजिमको म्यादभित्र कुनै पनि प्रस्ताव पेश नभएमा मन्त्रालयले सात दिनको म्याद थप गरी पुनःसूचना प्रकाशन गर्न सक्नेछ।

६. <u>प्रस्ताव मूल्याङ्कन समितिः</u> (१) दफा ५ बमोजिम प्राप्त प्रस्ताव मूल्याङ्कन गरी छनौटको लागि मन्त्रालय समक्ष सिफारिस गर्न देहाय बमोजिमको एक प्रस्ताव मूल्याङ्कन समिति रहनेछः-

(क) महाशाखा प्रमुख, समाज कल्याण तथा संघ संस्था समन्वय महाशाखा - संयोजक

(ख) शाखा प्रमुख, कानून तथा फैसला कार्यान्वयन शाखा - सदस्य

(ग) शाखा प्रमुख, आर्थिक प्रशासन शाखा - सदस्य

(घ) शाखा प्रमुख, नीति योजना तथा अनुगमन शाखा - सदस्य

(ङ) अध्यक्ष, राष्ट्रिय ज्येष्ठ नागरिक महासंघ -सदस्य

(च) शाखा प्रमुख, ज्येष्ठ नागरिक संरक्षण शाखा - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

७. <u>प्रस्ताव मूल्याङ्कनका आधारः</u> प्रस्ताव मूल्याङ्कन समितिले दफा ५ बमोजिम प्राप्त प्रस्तावको देहायको आधारमा मूल्याङ्कन गर्नेछः-

(क) दफा ४ बमोजिमको मापदण्ड,

(ख) स्थानीय तहको कार्यपालिकाबाट मिलन केन्द्र निर्माण तथा सञ्चालनका लागि लगानी गर्न वा लागत साझेदारी गर्न गरेको प्रतिवद्धता,

(ग) दीर्घकालीन स्रोत व्यवस्थापनको विवरण,

(घ) जग्गाधनी प्रमाण पुर्जा वा भोगाधिकार वा लिजमा लिएको प्रमाण,

(ङ) विस्तृत लागत अनुमान/कार्यक्रम कार्यान्वयन कार्ययोजना,

(च) केन्द्र सञ्चालनको निरन्तरताका लागि संघ संस्था तथा समुदायको प्रतिवद्धता भए सोको विवरण,

(छ) लाभान्वित वर्ग र समूह।

८. <u>सिफारिस सम्बन्धी व्यवस्थाः</u> (१) प्रस्ताव मूल्याङ्कन समितिले दफा ७ बमोजिमको आधारमा मूल्याङ्कन गरी मन्त्रालय समक्ष सिफारिस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुदानको लागि सिफारिस गर्दा प्रत्येक प्रदेशबाट कम्तीमा एक वटा मिलन केन्द्र पर्ने गरी सिफारिस गर्नुपर्नेछ।

९. <u>अनुदान उपलब्ध गराउने</u>: (१) दफा ८ बमोजिम सिफारिस भई आएका मिलन केन्द्रलाई मन्त्रालयले निर्णय गरे बमोजिमको अनुदान रकम मन्त्रालयको बार्षिक बजेटबाट सम्बन्धित स्थानीय तहलाई प्रचलित कानून बमोजिम वित्तीय हस्तान्तरण गरी उपलब्ध गराइनेछ।

(२) उपदफा (१) बमोजिमको अनुदान रकम मिलन केन्द्रको पूर्वाधार निर्माणमा प्राथमिकता दिने गरी खर्च गर्नुपर्नेछ ।

१०. <u>स्थानीय तहको जिम्मेवारी</u> : यस कार्यविधि बमोजिम मन्त्रालयले मन्त्रालयबाट अनुदान उपलब्ध गराइएका मिलन केन्द्र निर्माण तथा सञ्चालन सम्बन्धमा स्थानीय तहको जिम्मेवारी देहाय बमोजिम हुनेछः–

(क) सम्बन्धित स्थानीय तहले मिलन केन्द्र निर्माण तथा सञ्चालनको लागि उपयुक्त स्थान/भवनको व्यवस्था गर्न सहजीकरण गर्ने,

(ख) मन्त्रालयबाट निकासा गरिएको रकम स्थानीय तहले मिलन केन्द्रको प्रस्ताव र कार्य प्रगति बमोजिम हस्तान्तरण गर्ने,

(ग) प्रस्तावमा उल्लिखित कार्यक्रम कार्यान्वयन गर्ने गरी मन्त्रालयबाट छनौट भएका मिलन केन्द्रसँग सम्झौता गर्ने,

(घ) आवश्यकता अनुसार मिलन केन्द्रको अनुगमन गरी सोको प्रतिवेदन मन्त्रालयमा पठाउने,

(ङ) प्रचलित कानून बमोजिम लेखापरीक्षण गराउने,

(च) मन्त्रालयबाट हुने अनुगमनमा आवश्यक सहयोग एवं समन्वय गर्ने ।

११. <u>मिलन केन्द्रको काम, कर्तव्य</u>: यस कार्यविधि बमोजिम मिलन केन्द्रको काम, कर्तव्य देहाय बमोजिम हुनेछः–

(क) दफा ४ बमोजिमको मापदण्डको पालना गर्ने,

(ख) मिलन केन्द्रमा रहने ज्येष्ठ नागरिकको व्यक्तिगत विवरण अद्यावधिक गर्ने,

(ग) मन्त्रालयबाट निकासा भएको अनुदान रकम प्राप्त गर्नको लागि सम्बन्धित स्थानीय तहमा कार्यक्रम प्रस्ताव सहितका आवश्यक कागजात पेश गर्ने,

(घ) सम्बन्धित स्थानीय तहसँग सम्झौता गरी कार्यक्रम सञ्चालन गर्ने,

(ङ) स्थानीय तह वा मन्त्रालयबाट हुने अनुगमनमा आवश्यक सहयोग र समन्वय गर्ने,

(च) मिलन केन्द्रको बार्षिक खर्च तथा कार्यक्रमको प्रगतिको विवरण आवश्यकता अनुसार मन्त्रालय र सम्बन्धित स्थानीय तहमा पेश गर्ने ।

१२. <u>खर्च सम्बन्धी व्यवस्था</u>: (१) मिलन केन्द्रले दफा ९ बमोजिम मन्त्रालयबाट प्राप्त रकम प्रचलित कानूनको अधीनमा रही खर्च गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम रकम खर्च गर्दा मिलन केन्द्रले देहाय बमोजिम हुने गरी खर्च गर्नु पर्नेछः-

(क) मन्त्रालयबाट जुन उद्देश्यको लागि रकम उपलब्ध गराइएको हो सोही उद्देश्यका लागि मात्र उपयोग गर्नु पर्नेछ,

(ख) मन्त्रालयबाट स्वीकृत बार्षिक कार्यक्रम बमोजिम रकम खर्च गर्नु पर्ने,

(ग) बार्षिक प्रगति विवरण सम्बन्धित स्थानीय तह र मन्त्रालयमा पठाउनु पर्ने।

(३) सम्बन्धित स्थानीय तहले आफूले मिलन केन्द्रलाई हस्तान्तरण गरेको खर्चको विवरण तथा प्रगति प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ।

(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मिलन केन्द्रका कर्मचारीको पारिश्रमिकमा अनुदान रकम खर्च गर्न पाइने छैन।

१३. <u>लेखा परीक्षण</u>: (१) सम्बन्धित स्थानीय तहले दफा ९ बमोजिम मिलन केन्द्रलाई उपलब्ध गराएको रकमको आय व्ययको प्रचलित कानून बमोजिम लेखापरीक्षण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको लेखापरीक्षण प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको तीन महिनाभित्र मन्त्रालयमा पठाउनु पर्नेछ ।

१४. <u>खारेजी र बचाउ</u>: (१) "ज्येष्ठ नागरिक मिलन केन्द्र निर्माण तथा सञ्चालन सम्वन्धी मापदण्ड, २०७८" खारेज गरिएको छ।

(२) "ज्येष्ठ नागरिक मिलन केन्द्र निर्माण तथा सञ्चालन सम्वन्धी मापदण्ड, २०७८" बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।